# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवाका विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका अधिकृतस्तर आठौं तह र सातौं तहका पदहरुको अन्तर स्थानीय तह, खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. १८३/२०७९-८०, मिति २०८०/०३/११ गते सोमबार**

प्रदेश निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरुमा (अन्तर स्थानीय तह, खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p1.gov.np मार्फत आवेदन दिनु पर्नेछ। सेवाका सर्त र तलब तथा अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ८७/२०७९-८० | खुला | मेडिकल अधिकृत | ८ | प्रदेश स्वास्थ्य/ज.हे.स. | ११ |
| २ | ८८/२०७९-८० | आ.ज. | मेडिकल अधिकृत | ८ | प्रदेश स्वास्थ्य/ज.हे.स. | ३ |
| ३ | ८९/२०७९-८० | महिला | मेडिकल अधिकृत | ८ | प्रदेश स्वास्थ्य/ज.हे.स. | ३ |
| ४ | ९०/२०७९-८० | दलित | मेडिकल अधिकृत | ८ | प्रदेश स्वास्थ्य/ज.हे.स. | १ |
| ५ | ९१/२०७९-८० | खुला | आयुर्वेद चिकित्सक | ८ | प्रदेश स्वास्थ्य/आयुर्वेद | २ |
| ६ | ९२/२०७९-८० | आ.ज. | आयुर्वेद चिकित्सक | ८ | प्रदेश स्वास्थ्य/आयुर्वेद | १ |
| ७ | ९३/२०७९-८० | खुला | डेन्टल सर्जन | ८ | प्रदेश स्वास्थ्य/डेन्टिष्ट्री/जनरल डेन्टल | १ |
| ८ | ९४/२०७९-८० | आ.ज. | डेन्टल सर्जन | ८ | प्रदेश स्वास्थ्य/डेन्टिष्ट्री/जनरल डेन्टल | १ |
| ९ | ९५/२०७९-८० | अन्तर स्थानीय तह | जनस्वास्थ्य अधिकृत | ७ | प्रदेश स्वास्थ्य/हे.इ. | १ |
| १० | ९६/२०७९-८० | खुला | जनस्वास्थ्य अधिकृत | ७ | प्रदेश स्वास्थ्य/हे.इ. | ४ |
| ११ | ९७/२०७९-८० | आ.ज. | जनस्वास्थ्य अधिकृत | ७ | प्रदेश स्वास्थ्य/हे.इ. | १ |
| १२ | ९८/२०७९-८० | महिला | जनस्वास्थ्य अधिकृत | ७ | प्रदेश स्वास्थ्य/हे.इ. | १ |
| १३ | ९९/२०७९-८० | दलित | जनस्वास्थ्य अधिकृत | ७ | प्रदेश स्वास्थ्य/हे.इ. | १ |
| १४ | १००/२०७९-८० | खुला | नर्सिङ अधिकृत | ७ | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | १ |
| १५ | १०१/२०७९-८० | खुला | कम्यूनिटी नर्सिङ अधिकृत | ७ | प्रदेश स्वास्थ्य/ कम्यूनिटी नर्सिङ | १ |
| १६ | १०२/२०७९-८० | खुला | स्वास्थ्य शिक्षा अधिकृत | ७ | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेशन | १ |
| १७ | १०३/२०७९-८० | अन्तर स्थानीय तह | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | २ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | १ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | १ |
| | | **जम्मा** | | | | ४ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १८ | १०४/२०७९-८० | खुला | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | ४ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | २ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइड्रोपावर | १ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | ३ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | १ |
| | | जम्मा | | | | ११ |
| १९ | १०५/२०७९-८० | आ.ज. | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | १ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइड्रोपावर | १ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | १ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | १ |
| | | जम्मा | | | | ५ |
| २० | १०६/२०७९-८० | महिला | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| | | | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | १ |
| | | जम्मा | | | | २ |
| २१ | १०७/२०७९-८० | दलित | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| २२ | १०८/२०७९-८० | अन्तर स्थानीय तह | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | २ |
| २३ | १०९/२०७९-८० | खुला | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | ४ |
| २४ | ११०/२०७९-८० | आ.ज. | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | २ |
| २५ | १११/२०७९-८० | महिला | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | १ |
| २६ | ११२/२०७९-८० | दलित | इन्जिनियर | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एण्ड आ. | १ |
| २७ | ११३/२०७९-८० | खुला | हाइड्रो जियोलोजिष्ट | ७ | प्रदेश इन्जिनियरिङ/जियोलोजी/हाइड्रो जियोलोजिष्ट | १ |
| २८ | ११४/२०७९-८० | खुला | मेकानिकल इन्जिनियर | ७ | प्रदेश इन्जिनिरिङ्ग/मेकानिकल इन्जिनियरिङ /ज.मे.इ. | १ |
| २९ | ११५/२०७९-८० | अन्तर स्थानीय तह | सहायक वन अधिकृत | ७ | प्रदेश वन/जनरल फरेष्ट्री | ६ |
| ३० | ११६/२०७९-८० | खुला | सहायक वन अधिकृत | ७ | प्रदेश वन/जनरल फरेष्ट्री | ११ |
| ३१ | ११७/२०७९-८० | आ.ज. | सहायक वन अधिकृत | ७ | प्रदेश वन/जनरल फरेष्ट्री | ३ |
| ३२ | ११८/२०७९-८० | महिला | सहायक वन अधिकृत | ७ | प्रदेश वन/जनरल फरेष्ट्री | ३ |
| ३३ | ११९/२०७९-८० | दलित | सहायक वन अधिकृत | ७ | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| ३४ | १२०/२०७९-८० | थारु | सहायक वन अधिकृत | ७ | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| ३५ | १२१/२०७९-८० | अन्तर स्थानीय तह | कृषि प्रसार अधिकृत | ७ | प्रदेश कृषि/एगृ एक्सटेन्सन | १ |
| | | | बाली संरक्षण अधिकृत | ७ | प्रदेश कृषि/प्लान्ट प्रोटेक्सन | १ |
| | | | वागवानी विकास अधिकृत | ७ | प्रदेश कृषि/हर्टिकल्चर | १ |
| | | | कृषि अर्थ विज्ञ | ७ | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | १ |
| | | | जम्मा | | | ४ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| ३६ | १२२/२०७९-८० | खुला | कृषि प्रसार अधिकृत | ७ | प्रदेश कृषि/एगृ एक्सटेन्सन | ३ |
| | | | वाली विकास अधिकृत | ७ | प्रदेश कृषि/एग्रोनोमी | १ |
| | | | बाली संरक्षण अधिकृत | ७ | प्रदेश कृषि/प्लान्ट प्रोटेक्सन | ३ |
| | | | वागवानी विकास अधिकृत | ७ | प्रदेश कृषि/हर्टिकल्चर | ३ |
| | | | कृषि अर्थ विज्ञ | ७ | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | २ |
| | | | जम्मा | | | १२ |
| ३७ | १२३/२०७९-८० | आ.ज. | कृषि प्रसार अधिकृत | ७ | प्रदेश कृषि/एगृ एक्सटेन्सन | १ |
| | | | वाली विकास अधिकृत | ७ | प्रदेश कृषि/एग्रोनोमी | १ |
| | | | बाली संरक्षण अधिकृत | ७ | प्रदेश कृषि/प्लान्ट प्रोटेक्सन | १ |
| | | | वागवानी विकास अधिकृत | ७ | प्रदेश कृषि/हर्टिकल्चर | १ |
| | | | कृषि अर्थ विज्ञ | ७ | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | १ |
| | | | जम्मा | | | ५ |
| ३८ | १२४/२०७९-८० | महिला | कृषि प्रसार अधिकृत | ७ | प्रदेश कृषि/एगृ एक्सटेन्सन | १ |
| | | | बाली संरक्षण अधिकृत | ७ | प्रदेश कृषि/प्लान्ट प्रोटेक्सन | १ |
| | | | वागवानी विकास अधिकृत | ७ | प्रदेश कृषि/हर्टिकल्चर | १ |
| | | | कृषि अर्थ विज्ञ | ७ | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | १ |
| | | | जम्मा | | | ४ |
| ३९ | १२५/२०७९-८० | दलित | कृषि प्रसार अधिकृत | ७ | प्रदेश कृषि/एगृ एक्सटेन्सन | १ |
| | | | वागवानी विकास अधिकृत | ७ | प्रदेश कृषि/हर्टिकल्चर | १ |
| | | | जम्मा | | | २ |
| ४० | १२६/२०७९-८० | खुला | अधिकृत | ७ | शिक्षा/शिक्षा प्रदेश प्रशासन/निरीक्षण | १ |
| ४१ | १२७/२०७९-८० | खुला | प्राविधिक अधिकृत | ७ | शिक्षा/शिक्षा प्रदेश प्रशासन/शारिरीक शिक्षा | १ |
| ४२ | १२८/२०७९-८० | खुला | प्राविधिक अधिकृत | ७ | शिक्षा/शिक्षा प्रदेश प्रशासन/नेपाली | १ |
| ४३ | १२९/२०७९-८० | खुला | प्राविधिक अधिकृत | ७ | शिक्षा/शिक्षा प्रदेश प्रशासन/सामाजिक शिक्षा | १ |
| ४४ | १३०/२०७९-८० | खुला | प्राविधिक अधिकृत | ७ | शिक्षा/शिक्षा प्रदेश प्रशासन/विज्ञान | १ |
| ४५ | १३१/२०७९-८० | अन्तर स्थानीय तह | पशु विकास अधिकृत | ७ | प्रदेश कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| ४६ | १३२/२०७९-८० | खुला | पशु विकास अधिकृत | ७ | प्रदेश कृषि/ला.पो.एण्ड डे.डे. | २ |
| ४७ | १३३/२०७९-८० | आ.ज. | पशु विकास अधिकृत | ७ | प्रदेश कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| ४८ | १३४/२०७९-८१ | खुला | मत्स्य विकास अधिकृत | ७ | प्रदेश कृषि/फिसरिज | १ |
| ४९ | १३५/२०७९-८० | अन्तर स्थानीय तह | अधिकृत | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ३ |
| | | | लेखा अधिकृत | ७ | प्रदेश प्रशासन/लेखा | १ |
| | | | जम्मा | | | ४ |
| ५० | १३६/२०७९-८० | खुला | अधिकृत | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ५ |
| | | | लेखा अधिकृत | ७ | प्रदेश प्रशासन/लेखा | २ |
| | | | राजश्व अधिकृत | ७ | प्रदेश प्रशासन/राजश्व | १ |
| | | | जम्मा | | | ८ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| ५१ | १३७/२०७९-८० | आ.ज. | अधिकृत | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | २ |
| | | | लेखा अधिकृत | ७ | प्रदेश प्रशासन/लेखा | १ |
| | | | **जम्मा** | | | **३** |
| ५२ | १३८/२०७९-८० | महिला | अधिकृत | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | १ |
| ५३ | १३९/२०७९-८० | दलित | अधिकृत | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | १ |
| ५४ | १४०/२०७९-८० | खुला | तथ्याङ्क अधिकृत | ७ | प्रदेश प्रशासन/विविध | १ |

परीक्षाको किसिमः- लिखित, कम्प्यूटर सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता।

लिखित परीक्षा कार्यक्रमः- पछि प्रकाशन गरिनेछ ।

परीक्षा केन्द्रः- प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर

परीक्षा दस्तुरः- प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १२००।- (एक हजार दुई सय मात्र) बुझाउनु पर्नेछ। एकै सेवा/समूहको पदका समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. ४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ।

दरखास्त दिने अन्तिम मितिः- २०८०/०३/३१ गते र दोब्बर दस्तुर तिरी २०८०/०४/०७ गतेसम्म।

दरखास्त दस्तुर बुझाउने स्थान र विधिः-

**<u>अनलाइन मार्फत दरखास्त दस्तुर बुझाउने विधिः</u>**

आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म submit गरी सकेपछि देखिने "ok" बटनमा click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस" link मा click गर्ने। त्यसपछि देखिने box मा आफूलाई पायक पर्ने बैङ्क छनौट गरी "अनलाईन भुक्तानी" छनौट गर्ने र "अर्को" मा click गर्ने। त्यसपछि आउने स्क्रिनबाट Connect IPS Radio button मा click गरी "रकम भुक्तानी गर्नुहोस" बटनमा click गर्ने। त्यसपछी आउने स्क्रिनबाट Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन सकिने छ। Connect IPS को सेवा प्रयोग गर्नु पूर्व एक पटक www.connectips.com मा गई Sign up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैङ्कहरुमध्ये आफ्नो खाता रहेको बैंकको खातालाई link गरी सो बैंकबाट verify गराइएको हुनुपर्नेछ।

**<u>बैङ्क मार्फत नगद दरखास्त दस्तुर बुझाउने विधिः</u>**

आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म submit गरी सकेपछि "ok" बटनमा click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस" link मा click गर्ने। त्यसपछि देखिने box मा आफूलाई पायक पर्ने बैङ्क छनौट गरी "अफलाईन भुक्तानी"मा छनौट गरी "अर्को"मा click गर्ने। देखिएको पेजमा "भौचर जेनेरेट गर्नको लागि यहाँ क्लिक गर्नुहोस" button मा click गर्ने। त्यसपछि तपाइको भौचर जेनेरेट हुनेछ। उक्त भौचर प्रिन्ट गरी छनौट गरेको बैंकको नजिकको शाखामा गई भौचर पेश गरी रकम बुझाउन सकिन्छ। उक्त भौचर बिना बैंकहरुले नगद नबुझ्ने भएकोले अनिवार्य रुपमा भौचर प्रिन्ट गरी साथै लिई जानु पर्नेछ। उल्लेखित बैंकहरुका नेपाल भरीका सबै शाखाहरुबाट नगद बुझाउन सकिने छ।

दरखास्त दस्तुर बुझाउने अवधिः- अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

दरखास्तको माध्यमः- विज्ञापित सबै पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट हेर्न सकिने छ।

उम्मेदवारको उमेरको हदः- २०८०/०३/३१ गतेसम्म २१ बर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० बर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन।

पेश गर्नुपर्ने कागजातहरुः- उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ ।सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ। **दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।**

अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा समूह सम्बन्धी।

तलवः- प्रचलित कानून बमोजिम।

## आवश्यक न्यूनतम योग्यताः

**अन्तर स्थानीय तह प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगिताको लागिः**

१. **मेडिकल अधिकृत, तह ८, प्रदेश स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरह उपाधि प्राप्त।

२. **आयुर्वेद चिकित्सक, तह ८, प्रदेश स्वास्थ्य सेवा, आयुर्वेद समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सामा स्नातक उपाधि प्राप्त।

३. **डेन्टल सर्जन, तह ८, प्रदेश स्वास्थ्य सेवा, डेन्टिस्ट्री समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.डि. एस्सी वा वि.डि.एस. उपाधि प्राप्त ।

४. **जनस्वास्थ्य अधिकृत, तह ७, प्रदेश स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त।

५. **नर्सिङ अधिकृत, तह ७, प्रदेश स्वास्थ्य सेवा, जनरल नर्सिङ समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा स्नातक उपाधी प्राप्त।

६. **कम्यूनिटी नर्सिङ अधिकृत, तह ७, प्रदेश स्वास्थ्य सेवा, कम्यूनिटी नर्सिङ समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट पब्लिक हेल्थ (कम्यूनिटी हेल्थ) नर्सिङ विषयमा स्नातक उपाधी प्राप्त।

७. **स्वास्थ्य शिक्षा अधिकृत, तह ७, प्रदेश स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातक उपाधि प्राप्त।

८. **इन्जिनियर, तह ७, प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उतीर्ण।

९. **इन्जिनियर, तह ७, प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, विल्डिङ एण्ड आर्किटेक्ट उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा बी.ई. वा सो सरह उतीर्ण।

१०. **इन्जिनियर, तह ७, प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइवे उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा हाइवे इन्जिनियरिङ वा ट्रान्सपोर्टेशन इन्जिनियरिङ वा स्ट्रक्चरल इन्जिनियरिङ विषयमा कम्तिमा बी.ई. वा सो सरह उतीर्ण।

११.**इन्जिनियर, तह ७, प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइड्रोपावर उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा सिभिल एण्ड इन्भारमेन्टल इन्जिनियरिङ वा हाइड्रोपावर इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उतीर्ण।

१२.**हाइड्रोजियोलोजिष्ट, तह ७, प्रदेश इन्जिनियरिङ सेवा, जियोलोजी समूह, हाइड्रोजियोलोजी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रो जियोलोजी विषयमा वा हाइड्रो जियोलोजी वा ग्राउण्ड वाटर हाइड्रोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इन्जिनियरिङ वा एप्लाइड जियोलोजीमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी ग्राउण्ड वाटर सम्बन्धी विषयमा तीन महिनाको तालिम प्राप्त।

१३.**इन्जिनियर, तह ७, प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा स्यानिटरी इन्जिनियरिङ वा पब्लिक हेल्थ इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उतीर्ण।

१४.**इन्जिनियर, तह ७, प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, इरिगेसन उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उतीर्ण।

१५.**इन्जिनियर, तह ७, प्रदेश इन्जिनियरिङ सेवा, मेकानिकल इन्जिनियरिङ समूह, जनरल मेकानिकल इन्जिनियरिङ उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ वा अटोमोवाइल इन्जिनियरिङ वा इण्डस्ट्रियल इन्जिनियरिङमा वि.ई. सो सरह उत्तीर्ण ।

१६.**सहायक वन अधिकृत, तह ७, प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भीकल्चर, वन संरक्षण, वन स्रोत मापन (फरेष्ट मेन्सुरेशन), वन अनुसन्धान, वन व्यवस्थापन, वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

१७.**कृषि प्रसार अधिकृत, तह ७, प्रदेश कृषि सेवा, एगृ एक्सटेन्सन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी. एस्सी. एगृ.) वा सो सरह उतीर्ण गरेको।

१८.**बाली विकास अधिकृत, तह ७, प्रदेश कृषि सेवा, एग्रोनोमी समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी. एस्सी. एगृ.) वा सो सरह उतीर्ण गरेको।

१९.**बाली संरक्षण अधिकृत, तह ७, प्रदेश कृषि सेवा, प्लान्ट प्रोटेक्सन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी. एस्सी. एगृ.) वा सो सरह उतीर्ण गरेको।

२०.**वागवानी विकास अधिकृत, तह ७, प्रदेश कृषि सेवा, हर्टिकल्चर समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी. एस्सी. एगृ.) वा सो सरह उतीर्ण गरेको।

२१.**कृषि अर्थ विज्ञ, तह ७, प्रदेश कृषि सेवा, एगृ. इको. एण्ड मार्केटिङ समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ. इकोनोमिक्स वा एगृ विजनेस मुख्य विषय लिई स्नातक तह (बी. एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण।

२२.**पशु विकास अधिकृत, तह ७, प्रदेश कृषि सेवा, ला.पो. एण्ड डे.डे समूहः** पशु विज्ञान मुख्य विषयलिई बी.एस्सी उत्तीर्ण वा वि.टेक. (डेरी टेक्नोलोजी) वा वि.भि.एस्सी. एण्ड ए.एच. वा वि.भि.एस्सी/डि.भि.एम. वा वि.टेक एड (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण।

२३.**मत्स्य विकास अधिकृत, तह ७, प्रदेश कृषि सेवा, फिसरिज समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट मत्स्य पालन विषय लिई स्नातक तह बी.एस्सी. एगृ/बि.भि.एस्सी/बी.एस्सी. (पशु पालन)/ बी.भि.एस्सी एण्ड ए.एच. उत्तीर्ण।

२४.**अधिकृत, तह ७, शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

२५.**प्राविधिक अधिकृत, तह ७, शिक्षा सेवा, शिक्षा प्रशासन समूह, शारीरिक शिक्षा उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य तथा शारीरिक शिक्षा मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण वा शारीरिक शिक्षामा स्नातक वा सो सरह उत्तीर्ण।

२६.**प्राविधिक अधिकृत, तह ७, शिक्षा सेवा, शिक्षा प्रशासन समूह, नेपाली उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाली मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

२७.**प्राविधिक अधिकृत, तह ७, शिक्षा सेवा, शिक्षा प्रशासन समूह, सामाजिक शिक्षा उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिकशास्त्र वा सामाजिक शिक्षा मध्ये कुनै एक मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

२८.**प्राविधिक अधिकृत, तह ७, शिक्षा सेवा, शिक्षा प्रशासन समूह, विज्ञान उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

२९.**अधिकृत, तह ७, प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उतीर्ण।

३०. **लेखा अधिकृत, तह ७, प्रदेश प्रशासन सेवा, लेखा समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।

३१.**राजश्व अधिकृत, तह ७, प्रदेश प्रशासन सेवा, राजस्व समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण भएको ।

३२.**तथ्याङ्क अधिकृत, तह ७, प्रदेश प्रशासन सेवा, विविध समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा गणित वा जनसंख्या शास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्णवा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

**अन्तर स्थानीय तह प्रतियोगिताका लागि सूचनाः**

१. सातौं तहको अन्तर स्थानीय तह प्रतियोगितामा प्रतिस्पर्धाका लागि छैटौं तहमा कार्यरत र पूर्ति हुने पदको सेवा, समूह र उपसमूहका लागि तोकिएको शैक्षिक योग्यता हासिल गरेका स्थानीय तहमा कार्यरत स्थायी कर्मचारी उम्मेदवार बन्न सक्नेछन।

**खुला तथा समावेशी परीक्षाको लागि सूचनाः**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा परीक्षा हुने पदहरुका लागि प्रथम चरणमा उतीर्ण गरेका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणमा सहभागी गराइने छ।
३. प्रशासन सेवा तर्फको प्रथम चरण (First phase) को परीक्षामा उतीर्ण हुनको लागि प्रथम चरणको परीक्षाको पूर्णाङ्कको ४० (चालिस) प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ।प्रथम चरणको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको शतप्रतिशत अंक द्वितीय चरण (Second Phase) को परीक्षाको प्राप्ताङ्कमा जोडी कूल अंकको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।
४. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।
५. खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।
६. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
७. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्यूटर सीप परीक्षण, सामूहिक छलफल र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ।सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उतिर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
८. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **मधेसीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

ग) **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

घ) **थारुका हकमाः** नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको थारु जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको थारु जाति भित्र एकभन्दा बढी थरहरु

भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको थारु जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ङ) **मुस्लिमका हकमा**: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मुस्लिम भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम भनी प्रमाणित गराएको कागजात।

**द्रष्टव्यः**

क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

ग) समान तहको पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त स्वीकृत गरिने छैन (प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ बमोजिम)।

घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपूगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्विकृत गरिने छैन।

ङ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले कम्प्यूटर सीप परीक्षण, सामूहिक छलफल र अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवम् खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

छ) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्टयाइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै बर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ।

ज) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।

झ) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्विकृती/अस्वीकृती सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।

ञ) विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरीसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्रहरु छनौट गर्नु पर्नेछ।

ट) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ठ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

ड) पाठ्यक्रम आयोगको वेबसाइट psc.p1.gov.np बाट प्राप्त गर्न सकिने छ।